**अनुसूची-१६**

(दफा ३३ को उप-दफा २ सँग सम्बन्धित)

**काठ/दाउरा बोलपत्र बिक्रीको विस्तृत सूचना**

**श्री पटौली महिला सामुदायिक वन उपभोक्ता समूह, राजपुर गा.पा.-१, देउखुरी, दाङ**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०५/१०)**

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गरी राखिएको सामुदायिक वन क्षेत्रबाट पुनरुत्थान कटान र दाउरा सङ्कलन सहमति बमोजिम छपान भएका रुखहरू कटान मुछान भई उत्पादित काठ तथा दाउरा समूह बाहिर व्यावसायिक प्रयोजनार्थ लिलाम बिक्री सहमति प्राप्त भए बमोजिम घाटगद्दीमा लट बनाई राखिएको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली, २०७८ को नियम ११८ बमोजिम सूचीकृत भएका गोलिया काठ लिलाम गर्ने मानिस र काठलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने उद्योग वा काठ व्यापारीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन (२०८३/०५/३० गते कार्यालय समयभित्र) सम्म बोलपत्र फाराम खरिद गरी डिभिजन वन कार्यालय, देउखुरी वा यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गराउन आह्वान गरिन्छ।

**तपशिल :-**

**१. लिलाम बिक्री हुने काठ/दाउराको विवरण:-**

| क्र.सं. | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (घ.फि.) | सरकारी दर/प्र.घ.फि. (रु.) | न्यूनतम मूल्य (रु.) | सङ्कलन खर्च (वर्ग/दर) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | असना | गोलिया | ए | २ | २४.८८ | ४००/- | ८,८८६.०० | | |
| | | | | बी | ४ | ३८.८८ | ३००/- | ११,८६४.०० | | |
| | | | | सी | ८ | ४२.६६ | १००/- | ४,२६६.०० | | |
| | | | | जम्मा | १४ | १०७.५३ | | २६,२२६.०० | | |
| २ | १ | खयर | गोलिया | | २,७२३ | १,८२०.५६ | १,०००/- | १८,२०,५६०.०० | प्रति घ.फि. रु. २०८/- | |
| ३ | १ | सतिसाल | गोलिया | | ४ | ७.५४ | १,६००/- | १२,०६४.०० | | |
| ४ | १ | सिसौ | गोलिया | ए | १ | ६.५० | ७००/- | ४,५५०.०० | | |
| | | | | बी | १४ | ४५.७० | ५००/- | २२,८५०.०० | | |
| | | | | जम्मा | १५ | ५२.२० | | २७,४००.०० | | |
| **कूल जम्मा (लट नं. १)** | | | | | **२,७५६** | **१,८८७.८२** | | **१८,७६,२५०.००** | | |

**२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :**

1. बोलपत्र खरिद गर्ने अन्तिम मिति: २०८३/०५/३० गते, समय ५:०० बजे भित्र सम्म।
2. बोलपत्र दाखिला गर्ने अन्तिम मिति: २०८३/०५/३१ गते, समय १२:०० बजे भित्र सम्म ।
3. बोलपत्र खरिद गर्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट अर्थात् दाखिला गर्ने दिन नै निर्धारित समयमा बोलपत्र खरिद गरि सोही दिन दाखिला गर्ने लाई मान्यता दिईनेछ। साथै दाखिला गर्ने दिन विदा परे सो को भोलिपल्ट तोकिएको समयमा दाखिला गर्न सकिनेछ।

**३. जमानत रकम तथा बैंक खाता विवरण:**

बोलपत्र साथ धरौटी बापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको **कृषि विकास बैंक लि. मा रहेको चल्ती खाता नं. 09-190-05620329-01-9 (खाता नाम: PATAULI SAMUDAIK BAN UPABHOKTA)** मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्नेछ।

**४. अन्य आवश्यक शर्तहरू:**

1. बोलपत्रको प्रत्येक लटका लागि रु. एक लाखदेखि १० लाखसम्म न्यूनतम मूल्य भएको रु. १,०००/- र रु. दस लाख भन्दा बढी न्यूनतम मूल्य कायम भएको रु. २,०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय दाङ (देउखुरी) बाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ।
2. बैंक जमानत धरौटीको रूपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।
3. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरिद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ।
4. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ।
5. लिलाम प्रक्रियामा भाग लिन इच्छुक स:मिल/भेनियर/प्लाईउड उद्योगका प्रोप्राइटरहरूले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचीकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरूको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ। नागरिकता बाहेकका कागजातहरू नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।
6. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३/०५/३१ गते दिनको १:०० बजे साक्षीहरूको रोहवरमा खोलिनेछ। सो दिन विदा परे सो को भोलिपल्ट खोलिनेछ।
7. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैंतालीस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।
8. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
9. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।

हेमराज

अध्यक्ष / लिलाम समिति
पटौली महिला सामुदायिक वन उपभोक्ता समूह
राजपुर गा.पा.-१, देउखुरी, दाङ

अध्यक्ष

# काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०५/१० गते**

श्री पटौली महिला सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई घाटगद्दीमा विभिन्न लट बनाई राखिएको खयर र अन्य जातसमेत गरी २७५६ गोलिया काठ १९८७.८२ घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरि एकोछ। इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाइस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यससम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

(अध्यक्ष)

**श्री पटौली महिला सामुदायिक वन उपभोक्ता समूह**

राजपुर–१, दाङ (देउखुरी)

Activate Windows